# नेपाल खाद्य संस्थान

सहायक स्तर तह ५ बाट अधिकृत स्तर तह ६(प्रशासन) मा बढुवाको लागि

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको लागि पाठ्यक्रम

लिखित परीक्षाको माध्यम नेपाली/अंग्रेजी हुनेछ ।

भाग १ पूर्णाङ्क: २००

| सि.नं. | पत्र | बिषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | अङ्क भार | समय |
|---|---|---|---|---|---|---|---|
| १ | प्रथम पत्र | (क)सामान्य ज्ञान र सामाजिक अध्ययन<br>(ख)समस्याको पहिचान र समाधान | १०० | वस्तुगत वहुउत्तर<br>छोटोछोटो उत्तर<br>लामो उत्तर | २० X २<br>५ X ६<br>१ X ३० | ४०<br>३०<br>३० | १ घण्टा |
| २ | द्धितीय पत्र | सेवा सम्बन्धी | १०० | छोटो उत्तर<br>लामो उत्तर | ८ X ५<br>२ X ३० | ४०<br>६० | १½ घण्टा |

भाग २ अन्तरवार्ता पूर्णाङ्क: ५०

(क) सामान्यज्ञान र सम्बन्धित बिषय वस्तुको ज्ञान -४०

(ख) व्यक्तित्वं -१०

- अन्तरवार्तामा ६० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा कम अङ्क दिंदा उचित कारण जनाउनु पर्नेछ ।
- भाग १ को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरू मात्र भाग २ को अन्तरवार्ता परीक्षामा सामेल हुन पाउने छन् ।
- भाग १ को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको लिखित परीक्षाको प्राप्ताङ्क र भाग २ को अन्तरवार्ताको प्राप्ताङ्क जोडी योग्यताक्रमानुसार सिफारीश गरिनेछ ।

द्रष्टव्य :

१. आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षा दिने उम्मेदवारले संस्थानबाट निर्धारीत दरखास्त फाराम भरी आवेदन दिनु पर्नेछ । तोकिएको परीक्षा दस्तुर वापत बैंक भौचर वा बैंक ड्राफ्ट दरखास्त फाराम साथ बुझाउनु पर्नेछ ।

२. दरखास्त फाराम र पाठ्यक्रम तोकिएको स्थानबाट उपलब्ध हुनेछ ।

३. पाठ्यक्रममा भएको लिखित परीक्षाको प्रत्येक पत्रमा उत्तीर्णाङ्क ३५ प्राप्ताङ्क मानिनेछ ।

४. वस्तुगत वहु उत्तरको प्रश्नपत्र र उत्तर पुस्तिका भिन्दै हुनेछ । परीक्षा समाप्त भएपछि प्रश्नपत्र र उत्तर पुस्तिका दुवै फिर्ता गर्नु पर्नेछ ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेको ऐन, नियमहरू परीक्षाको मिति भन्दा ३ महीना अगाडी संशोधन भएको वा संशोधित भई हटाइएका वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

कृ.उ.प.

## पाठ्यक्रमको विस्तृत विवरण :

प्रथमपत्र: (क) सामान्य ज्ञान र सामाजिक अध्ययन

१. नेपालको भौगोलिक आर्थिक, ऐतिहासिक, सांस्कृतिक,साहित्यिक, राजनैतिक, सामाजिक, बैज्ञानिक समसामयिक गतिविधी र घटना सम्बन्धी सामान्य जानकारी ।

२. बिश्व र खास गरी दक्षिण एशियाली राष्ट्रहरूको ऐतिहासिक, भौगोलिक, राजनैतिक, आ सामाजिक, बैज्ञानिक,सांस्कृतिक विषयका समसामयिक गतिविधी र घटना बारे सामान्य जानका

३. नेपाल खाद्य संस्थान सम्बन्धी सामान्य जानकारी ।

(ख) समस्याको पहिचान र समाधान

संस्थानको काम वा व्यवस्थापनसंग सम्बन्धित बिषयहरूमा कुनै समस्या दिइने छ । प्रश्न (सम को उत्तर दिंदा प्रचलित नीति, कानून र सरकारी स्वामित्वमा रहेका संस्थानहरूको भूमिक आधारमा बिश्लेषण गरी कार्यान्वयनको लागि सामयिक र उपयुक्त सुझाव प्रस्तुत गर्नु पर्नेछ ।

- परीक्षार्थीबाट बिशेष गरेर निम्न प्रारूपको आधारमा प्रस्तुतीकरणको अपेक्षा राखिएको छ
  - समस्याको बिश्लेषण र पहिचान
  - समस्या समाधानको लागि ठोस सुझावहरू
  - सुझाव कायान्वयन गर्ने प्रकृया ।

**द्वितीय पत्र : -सेवा सम्बन्धी**

१. नेपाल खाद्य संस्थानको उद्देश्य, गठन, कार्यविधि, कायक्रम,लेखा प्रणाली र लेखा परीक्षण सम्ब जानकारी ।

२. व्यवस्थापन सम्बन्धी सामान्य जानकारी :
योजना (Planning), संगठन (Organization), समन्वय (Co-ordination), नियन्त्रण (Control), स्टाफि (Staffing), संचार (Communication), सूचना प्रणाली (Information System) , कार्य संपा मूल्यांकन (Performance Appraisal), सुझाव प्रणाली (Suggestion System), कर्मचारीको म (Employees Grievances), कर्मचारी प्रेरणा (Staff Motivation), नेतृत्वशैली (Leadership Sty अनुशासन सम्बन्धी कार्यवाही (Disciplinary Action) ।

३. नेपालमा खाद्यान्न उत्पादन स्थिति, माग, आपूर्ति तथा बजार व्यवस्था ।

४. राष्ट्रिय, अन्तरराष्ट्रिय खाद्य एवं कृषि सम्बन्धी संघ संस्थाहरू बारे सामान्य जानकारी ।

५. लेखा परीक्षणको उद्देश्य तथा नेपालमा सरकारी स्वामित्वमा रहेका संस्थानहरूको लेखा परीक्षण महालेखा परीक्षकको काम,कर्तव्य बारे सामान्य जानकारी ।

६. संस्थान ऐन, २०२१ ।

७. भ्रष्टाचार निवारण ऐन, २०५९ ।

८. करार ऐन, २०५६ ।

९ नेपाल खाद्य संस्थान बिनियमावली, २०६४ ।

१०. आर्थिक कार्यविधि सम्बन्धी सामान्य जानकारी ।

* * * * *